**कोरोना भाइरससम्बन्धी प्रदेश १ को अवस्था**
**मोरङ । ०७७ वैशाख १५ गते**

प्रदेश १ मा कोरोना सङ्क्रमण पुष्टी भएकाहरूको कोशी अस्पताल (कोभिड-१९) कोरोना उपचार केन्द्रमा उपचार भइरहेको छ । उपचाररत सबैको स्वास्थ्य अवस्था सामान्य रहेको अस्पतालकी मेडिकल सुपरीटेन्डेण्ट डा. संगीता मिश्राले बताउनुभयो । प्रदेश १ सरकारको कोरोना जनसुरक्षा कोषमा २८ करोड ८२ लाख ९७ हजार रुपियाँ जम्मा भएको छ । सुन्दरहरैँचा नगरपालिकाको गोठगाँउमा कोरोना अस्पताल निर्माणका लागि प्रदेश सरकारले वैशाख १५ गते स्थलगत अनुगमन गरेको छ । उदयपुरको त्रियुगा नगरपालिका-३ भुल्के क्षेत्र,दमक नगरपालिका-३ र बाह्रशी गाँउपालिकामा स्थानीय तहले शिल गरेका छन् ।

**इन्सेक मोरङ जिल्ला प्रतिनिधि नेत्रप्रसाद अधिकारी**का अनुसार  लकडाउनका कारण अलपत्र परेका ५ सय ९५ जनालाई २७ ओटा वसमा विराटनगर महानगरपालिकाले गन्तव्य तर्फ पठाएको छ । काठमाण्डौंका बाहेकका व्यक्तिहरू गन्तव्यमा पुगेका छन् । काठमाण्डौं गएकाहरूलाई भने विराटनगरनै फिर्ता गर्न जिल्ला प्रशासन कार्यालय काठमाण्डौंले निर्देशन दिएको छ । विराटनगरबाट काठमाण्डौँ गएका सयौं जना थानकोटमा अलपत्र परेका छन् । बेलबारी नगरपालिकाले लकडाउनका कारण काठमाडौंमा अलपत्र परेका ३ सय ५० जना नगरवासीलाई वैशाख १५ गते उद्दार गरेर बेलबारी ल्याई पुऱ्याएको छ । गुराँस पुस्तकालय विराटनगरले २० जना अपाङ्गता भएका व्यवसायीहरूलाई वैशाख १५ गते खाद्यान्न वितरण गरेको छ ।

**इन्सेक सोलुखुम्बु जिल्ला प्रतिनिधि भोजराज कार्की**का अनुसार थुलुङदूधकोशी गाउँपालिकाले वैशाख १५ गतेसम्म एक हजार  बढी नागरिकको उद्दार गरी जिल्ला ल्याएको छ । महाकुलुङ गाउँपालिकाले ४ सय बढी नागरिकहरूलाई उद्दार गरेको छ । सोताङ गाउँपालिकाले २ सय २८ जनाको उद्दार गरेको छ । लिखुपिके गाउँपालिकाले २५ जनाको उद्दार गरेको छ । लिखुपिके गाँउपालिका वैशाख १५ गते ९२ जनालाई जिल्ला बाहिर पठाएको छ । खुम्बुपासाङ ल्हामु गाउँपालिकाले २ सय २३ जनाको वैशाख १५ गते उद्दार गरेको छ । माप्यदूधकोशी गाउँपालिकाले वैशाख १५ गते ५ सय ७० जनाको उद्दार गरेको छ । सोलु दूधकुण्ड नगरपालिका -८ का दलित तथा विपन्न परिवारलाई राहत वितरण गरिएको छ । सोलु दुधकुण्ड नगरपालिका वडा-८ ले वैशाख १५ गते १ सय १३ जना नागरिकलाई काठमाण्डौबाट उद्दार गरेको छ । नेचासल्यान गाउँपालिकाले वैशाख १५ गते २ सय ९३ जनाको उद्दार गरेको छ । नेचासल्यान गाँउपालिका -५ मा गठित वडा स्तरीय समुदाय स्वयम्सेवकले गाउँपालिकालाई वैशाख १५ गते उद्दार गरी ल्याएका सबैलाई क्वारेन्टाइनमा राख्न माग गर्दै ध्यानाकर्षण पत्र बुझाएका छन् । नेपाली कांग्रेस सोलु काठमाण्डौ सम्पर्क समितिले सोलुखुम्बु घर भई काठमाण्डौमा रहेका ७५ विपन्न व्यक्तिलाई राहत वितरण गरेको छ ।

**इन्सेक भोजपुर जिल्ला प्रतिनिधि गणेश विष्ट**का अनुसार कोरोना भाइरस सङ्क्रमण देखिएका हतुवागढी गाउँपालिका ६- का २६ वर्षीय युवकको परिवार तथा सम्पर्कमा रहेका १४ जनाको थ्रोट स्वाब नमूनाको नतिजा नेगेटिभ आएको छ । ०७६ फागुन ३० मा साउदी अरबबाट काठमाण्डौ हुँदै चैतमा घर फर्किएका उनलाई ११ वैशाखका कोरोना सङ्क्रमण पुष्टी भएको थियो । थ्रोट स्वाब नमूना परीक्षणका लागि धरानस्थित वीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान लगिएको थियो ।

**इन्सेक पाँचथर जिल्ला प्रतिनिधि मङ्गल बेघा**का अनुसार वैशाख १५ गते सम्म जिल्लामा १ सय ३१ पीपीई सेट र सात ओटा गाउँपालिकामा २८ ओटा थर्मल गन उपलब्ध छन् । जिल्ला प्रशासन कार्यालयले प्रेस विज्ञप्ती जारी गरी गृह मन्त्रालयको निर्देशन अनुसार लकडाउनलाई कडाई गर्ने जनाएको छ । काठमाण्डौमा रहेका जिल्लावासीहरूलाई ल्याइएपछि व्यवस्थान गर्न कठिनाई भएको छ । क्वारेन्टाइनमा बसेकाहरूले बसोबासको उचित व्यवस्थान नभएको गुनासो गरेका छन् ।

**इन्सेक इलाम जिल्ला प्रतिनिधि कोकिला ढकाल**का अनुसार वैशाख १५ गते इलामका क्वारेन्टाइनमा ४९ जना थपिएका छन् । विभिन्न रोजगारी र अध्ययनका लागि बाहिरी जिल्लामा रहेका व्यक्ति जिल्लामा ल्याइएपछि उनीहरूलाई क्वारेन्टाइनमा राखिएको हो । माइजोगमाई गाउँपालिकापस्थित नेपाल राष्ट्रिय शिक्षक सङ्गठनले गाउँपालिकाको विपद्

व्यवस्थापन कोषमा ८० हजार रुपियाँ सहयोग गरेको छ । माङ्सेबुङ गाउँपालिकाले गाउँबाट बाहिरी जिल्लामा गएर बसेका व्यक्तिको राहतका लागि विपद् व्यवस्थापन कोषमा थप ५० लाख रुपियाँ रकमान्तर गरेको छ ।

**इन्सेक सङ्खुवासभा जिल्ला प्रतिनिधि भविन कार्की**का अनुसार वैशाख १५ गते  सात जना महिला र १२ जना पुरूष गरी १९ जनालाई क्वारेन्टाइनमा राखिएको छ । लक डाउनका कारण रोकिएको सामाजिक सुरक्षा भत्ताखाँदबारी नगरपालिकाले घरघरमा पुगेर वितरण गरेको छ ।

**इन्सेक झापा जिल्ला प्रतिनिधि नरेश खाती**का अनुसार वैशाख १५ गते अर्को आदेश नहुञ्जेलसम्मका लागि बाहृदशी गाउँपालिका शिल भएको छ । बाहृदशी गाउँपालिका - ४ निवासी एक व्यक्तिलाई कोरोना सङ्क्रमण पुष्टि भएसंगै गाउँपालिकाले थप सर्तकता अपनाउँदै गाउँपालिका शिल गरेको हो । गाउँपालिकाको पूर्वतर्फ कञ्चनगढ, पशिचममा विरिङ खोला, उत्तरमा पाखिवास र दक्षिणमा राधानगर(घाग्रा खोला) सम्मको चारकिल्ला भू- भाग शिल गर्ने निर्णय गरेको गाउँपालिकाका सूचना अधिकारी चेतनाथ न्यौपानेले जानकारी दिनुभयो ।
नेपाल मुस्लिम सङघ झापाले सबैलाई आफ्नो स्वास्थ्यको ख्याल गर्न आग्रह गरेको छ । मुस्लिम धर्मावलम्बीले सामाजिक दूरी कायम गर्दै घरघरमै रही एक महिने कठोर रमजान व्रत मनाउन आग्रह गरेको  छ ।
बुद्धशान्ति गाउँपालिकाको शान्तिनगर क्षेत्रका कृषकले लगाएको टमाटर बारीमै कुहिन थालेपछि गाईलाई खुवाउन थालेका छन् । लकडाउनका कारण झापाका उखु कृषक र व्यवसायी मारमा परेका छन् । उत्पादनको मुख्य सिजन मानिने चैत र वैशाखमा उखु वाली उठाउन नपाएपछि कृषक र व्यवसायीहरूले १५ करोड रुपियाँ क्षति व्योहोर्नु पर्ने भएको छ ।

**इन्सेक ताप्लेजुङ जिल्ला प्रतिनिधि देवराज गुरुङ**का अनुसार प्रदेश १ सरकारले पठाएको १ सय २० थान किटमध्ये १ सय १३ जनाको परीक्षण गरिएको छ । अब सात ओटा मात्र किट बाँकी रहेको जिल्ला समन्वय समिति प्रमूख तथा कोभिड-१९ रोकथाम तथा व्यवस्थापन समितिले जनाएको छ । लकडाउनका कारण बन्द भएको बालबालिकाको खोप सेवा फुङलिङ नगरपालिकाले वैशाख १५ गतेदेखि सुरू गरेको छ । जिल्ला अस्पतालमा ठाउँ अभावका कारण सामाजिक दूरी कायम गरेर खोप प्रदान गरेको हो ।

**इन्सेक सुनसरी जिल्ला प्रतिनिधि जयकृष्ण यादव**का अनुसार बराहक्षेत्र नगरपालिकाले ज्येष्ठ नागरिकहरूलाई सामाजिक सुरक्षा भत्ता वितरण गर्न थालेको छ । मूल्य सूचीभन्दा दोब्बर मूल्यमा सब्जी बिक्री गरेको पाइएपछि धरान उपमहानगरपालिका-१६ बाट ढेड सय केजी सब्जी वैशाख १५ गते जफत गरिएको छ । नाटकघर उपभोक्ता समिति ह्वाइट हाउस धरानले लकडाउनले समस्यामा परेका व्यक्तिहरूलाई खाद्यान्न वितरण गरेको छ । जीवन विकास लघुवित्त संस्थाले कोशी गाउँपालिका र भोक्राहा नरसिंह गाउँपालिकालाई ३० क्वीण्टल चामल उपलब्ध गराएको छ । इनरूवा नगरपालिकाको दश ओटा स्वास्थ्य संस्थाहरूमा तीन महिनादेखी औषपध अभाव भएको छ । नगरपालिकाले समयमा औषधि खरिद नगर्दा तीन महिनादेखी औषधि अभाव भएको हो । हरिनगर गाउँपालिका -४ मा भएको राहत वितरणको विवाद राजनितिक कारणले भएको वडा सदस्य लखन महतोले आरोप लगाउनु भएको छ ।
**इन्सेक प्रदेश १ कार्यालय, विराटनगर**